दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
**सुपर काइनेटिक कुरियर्स सर्भिस**
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



### दल र सरोकारवाला भन्छन् :

# प्रादेशिक अस्पतालमा एमआरआइ मेसिन ल्याऊ

**प्रदेश राजधानी गुमाएको बुटवललाई चलायमान र गुल्जार बनाउन प्रादेशिक अस्पतालमा अत्याधुनिक सेवा सुविधा थप्न अपरिहार्य छ। १२ सय शैयामा स्तरोन्नति हुन लागेकाले पनि अस्पतालमा एमआरआइलगायत अन्य सेवाहरु थप्न ढिलाइ र विवाद गर्न हुँदैन।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रदेश सरकारको बजेटबाट लुम्बिनी प्रादेशिक अस्पतालले एमआरआई मेशिन खरिद गर्ने अघि बढाएको प्रकृयालाई छिटो टुंगोमा पुऱ्याउन राजनीतिक दल र सरोकारवालाले जोड दिएका छन्।

प्रदेश सरकारको गौरवको आयोजना प्रादेशिक अस्पतालमा वर्षौंसम्म एमआरआई मेशिन खरिद नहुँदा बिरामीहरुले निजीमा महँगो शुल्क तिर्न वाध्य भएकाले अब सरकारी अस्पतालमै एमआरआइ मेशिन ल्याउन ढिलाइ गर्न नहुने उनीहरुको माग छ।

प्रदेश सरकारले एमआरआइ मेसिन किन्न चालु आर्थिक वर्षमा१५ करोड रुपैयाँ छुट्ट्याएको छ। विगतमा दुई पटक एमआरआइ मेशिन खरिद गर्न प्रयास गरेपनि विभिन्न कारणले सफल हुन सकेको थिएन। यसपटक खरिद प्रकृया अघि बढेसंगै यो विषयलाई विवादमा तानेपछि अस्पताल प्रशासनले सत्य तथ्य बुझ्न सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रमा फाइल अध्ययन गर्न पठाएको छ। जसका कारण खरिद प्रकृया अन्योलमा छ।

सर्वसाधारण र विपन्न नागरिकले सरकारी अस्पतालबाटै एमआरआईको सस्तो शुल्कमासेवा पाउन सकून् भन्ने उद्देश्यले खरिद प्रकृया अघि बढाएको भएपनि स्वार्थ समूहले जबरजस्ती विवादित बनाएर निजीको ब्यापार बर्चश्व कामय राख्न र त्यसबाट लाभ लिइरहन  चलखेल गरेको सरोकारवालाको ठम्याइ छ।

निजी क्षेत्रबाट बुटवलमै चलाइएको एमआरआइको व्यापारबाट लाभ लिइरहेको समूहको चलखेलमा प्रादेशिक अस्पताल भित्रकै केही डाक्टर र कर्मचारीको समेत भूमिका रहेको स्रोतले बताउँछ।

पूर्व सामाजिक विकास मन्त्री एवं माओवादी केन्द्र लुम्बिनीका अध्यक्ष सुदर्शन बरालले लामो समयसम्म एमआरआई मेशिन खरिद हुन नसक्नु दुःखद भएको बताए। उनले खरिदमा ढिलाइ गरेर जनस्वास्थ्यमा खेलवाड गर्न नहुने बताए। 'खरिद प्रकृयामा गल्ती कमजोरी भए छानवीन गर्नुपर्छ,समस्या छैन भने छिटो खरिद प्रकृया अघि बढाउनुपर्छ।'-बरालले भने। नेकपा एमाले बुटवल उपमहानगर कमिटीका निवर्तमान अध्यक्ष किशन ज्ञवालीले स्वार्थ समूहले एमआरआइ खरिदलाई विवादित बनाउन खोजेका र त्यसमा अस्पतालकै एकाध कर्मचारीको भूमिका रहेको आफूले अध्ययनबाट पाएकाले भ्रममा नपरी खरिद प्रकृया अघि बढाउनुपर्ने बताए। 'प्रदेश सरकारको गौरवको आयोजनामा रहेको अस्पतालमा एमआरआई मेशिन नहुनु विडम्बना हो, स्वार्थ समूहका चलखेललाई निस्तेज बनाएर खरिद गर्नुपर्छ, नेकपा एमाले अस्पताल प्रशासनको साथमा छ।'-ज्ञवालीले भने।

नेपाली कांग्रेस रुपन्देही क्षेत्र नं. २ का सभापति प्रजापाल गिरीले सेवाग्राहीले निजीमा भन्दा आधा सस्तोमा सेवा लिन पाउने विषयलाई विवादमा तान्न र त्यसकै आडमा प्रादेशिक अस्पतालमा एमआरआई मेसिन खरिद नगर्ने कुरा उचित नहुने बताए।

नेकपा माओवादी केन्द्र बुटवल नगर अध्यक्ष महेन्द्र भुसालले गरिब र विपन्न नागरिकले उपचार लिने थलो प्रादेशिक अस्पताल भएकाले यहां आवश्यक एमआरआइलगायत अन्य मेशिन अविलम्ब खरिद हुनुपर्ने बताए। 'खरिद प्रकृया पारदर्शी हुनुपर्छ तर निजीलाई पोस्नका लागि सरकारी अस्पतालमा एमआरआई खरिद रोक्न चलखेल हुने कुरा स्वीकार्य हुन्न।'-भुसालले भने।

**यसपटक मेशिन खरिद गरेरै छाड्छौं : मन्त्री सारु**

प्रदेश सरकारका स्वास्थ्य मन्त्री खेम सारुले एमआरआई मेशिन खरिद प्रकृयाको विषय विवादमा तानिएपछि सरकारले पुनः टेण्डर गरेर धेरै कम्पनीलाई प्रतिस्पर्धा गराएर खरिद गर्ने निश्कर्षमा पुगेको बताए। 'हरेक वर्ष बजेट विनियोजन हुने तर मेशिन खरिद हुन नसक्ने परिपाटी थियो, यसपटक मेशिन खरिद गरेरै छाड्छौं,' मन्त्री सारुले भने-'नेपालमा एमआरआई आयात गरेर बेच्ने चार वटा कम्पनी रहेछन्, अब नयां टेण्डर गर्दा एकभन्दा बढी र सकेसम्म धेरै कम्पनीले प्रतिस्पर्धा गर्न पाउने गरी स्पेसिफिकेसन तय गरेर जानुपर्छ।'

निजी स्वास्थ्य संस्थामा १६/१७ हजार रुपैयाँ शुल्क तिरेर एमआरआई सेवा लिनुपर्ने बाध्यात्मक अवस्था अन्य गरी आधा सस्तो मूल्यमै सेवा लिन पाउने अवस्था ल्याउन प्रदेश सरकारले एमआरआइ मेशिन खरिदका लागि १५ करोड वजेट छुट्ट्याएको हुँदा अस्पतालले खरिद प्रकृया अघि बढाएको बताए। ३ वर्षअघि सेती प्रादेशिक अस्पतालले १.५ टेस्ला खरिद गर्दाको लागतलाई आधार मानेर एमआरआइ मेसिनको लागत अनुमान गरिएको उनको भनाइ छ।

हरेक वर्ष बजेट विनियोजन भएपनि विभिन्न बहानामा खरिद प्रक्रिया रोकिंदै आएको र दुई पटकसम्म एमआरआई खरिद प्रक्रियामा मुद्दा परेर रोकिएकोमा हाल मुद्दाबाट सफल अवतरण भई नयाँ खरिद प्रकिया सुरु गरिएपनि जबरजस्ती विवादमा तान्ने काम भएको ढकालले बताए।

नयाँ प्रक्रिया अनुसार गत कार्तिक १ गते बोलपत्र आव्हान गरी एमआरआई मेसिन खरिद प्रक्रिया अघि बढेको थियो।

नेशनल कम्पिटेटिभ बिडिङ अनुसार आह्वान गरिएको बोलपत्रमा अधिकतम मूल्य १५ करोड राखिएको र त्यसमा सबैभन्दा कम कबोल गर्नेले मेसिन खरिद गर्ने बताए। 'बोलपत्रमा उल्लेख गरिएको रकममा सप्लायर्स कम्पनीहरुले प्रतिस्पर्धा गर्दा सबैभन्दा कम मूल्य कबोल गर्ने कम्पनी छनोट भई उसैले खरिद गर्ने हो, सामान्यतया कम्पनीहरुले २०/२५ प्रतिशतसम्म कम मूल्यमा कबोल गर्ने प्रचलन रहेको हुँदा मेशिनको मूल्य पनि कम हुने अनुमान गरेका छौं।'-उनले भने।

खरिद प्रक्रियामा सबैले प्रतिस्पर्धा गर्न पाउनुपर्छ भन्ने मान्यता अनुसार स्पेसिफिकेसन समिति निर्माण गरेको र त्यसमा ३ जना विशेषज्ञ चिकित्सक, २ जना वायोमेडिकल इन्जिनियर सम्मिलित ५ सदस्यीय समिति गठन गरिएको छ। सो समितिले तयार पारेको स्पेसिफिकेसन स्वास्थ्य विभाग व्यवस्थापन महाशाखाका मेडिकल इन्जिनियरसहितको सहयोगमा अध्ययन गरी परिमार्जन गरेपछि अन्तिम स्पेसिफिकेसन र लागत अनुमान तयार गरिएको डा. ढकालको भनाइ छ।

सामान आपूर्ति गर्न सक्ने स्वदेशी कम्पनीहरु हुँदाहुँदै अन्तर्राष्ट्रिय बोलपत्रमा नगएको उनको भनाइ छ।

प्रदेश सरकारले उपलब्ध गराएको १५ करोड बजेटबाट नयाँ प्रविधिको मेशिन खरिद गर्न सम्भव नभएका कारण पुरानो प्रविधिको मेशिन खरिद गर्नुपर्ने बाध्यता रहेको उनले बताए।

'हामीले खरिद गर्ने भनेको पुरानो मेसिन नभई केही पुरानो प्रविधिको हो, जुन टेस्ला १.५ प्रविधि हो, यसलाई २ टेस्लामा अपग्रेड गर्न सकिन्छ', प्रमुख ढकालले भने, 'जबकी विश्व बजारमा ३ टेस्ला पनि आएको छ, यसको मूल्य २५ देखि ३० करोड रुपैयाँ पर्छ।'

लुम्बिनी प्रदेश सरकारले प्रदेश अस्पताललाई ५ सय शैयाबाट बढाएर १२ सय शैयामा स्तरवृद्धिगरिरहेकाले एमआरआई मेसिन अपरिहार्य रहेको उनले बताए। 'प्रदेश राजधानी गुमाएको बुटवललाई चलायमान र गुल्जार बनाउन प्रादेशिक अस्पतालमा एमआरआइ लगायत अरु पनि अत्याधुनिक  सेवा सुविधा थप्न अपरिहार्य थियो तर तर हरेक पटक विवादमा ल्याएर रोकिंदै आएको छ, अब राजनीतिक दल र नागरिक समाजले बोल्नुपर्छ।'-डा. ढकालले भने।

यो अस्पतालले गत आर्थिक वर्ष ३ लाख ४८ हजार ६९० जनालाई स्वास्थ्य सेवा उपलब्ध गराएको छ। उपभोक्ता हित संरक्षण मञ्च लुम्बिनीका अध्यक्ष तेजकुमार पाठकले सरकारी अस्पतालमा एमआरआई मेशिन नहुंदा सर्वसाधारण गरीब विपन्न बिरामीहरु महंगो शुल्क तिर्न वाध्य भएका र कतिपय उपचार सेवाबाट वञ्चित भएर ज्यान गुमाउन समेत विवश भएका बताए। 'निजीलाई पोस्न सरकारीमा एमआरआइ मेसिन खरिदमा अवरोध गरिदो रहेछ, यसलाई तोडेर पारदर्शी ढंगले मेशिन खरिद गर्नुपर्छ।'-पाठकले भने।

## 'रविमाथि राज्यबाट प्रतिशोध'

पोखरा। नेपाल समाजवादी पार्टी (नेसपा) का अध्यक्ष डा. बाबुराम भट्टराईले रवि लामिछानेमाथि राज्यले दुःख दिने काम गरेको बताएका छन्। साथै, उनले राज्यबाट अस्वभाविक र अन्यायपूर्ण काम भएको भन्दै रास्वपाको आन्दोलनमा ऐक्यबद्धता पनि जनाए।

रास्वपा सभापति रवि लामिछानेलाई कास्की प्रहरीको हिरासतमा भेटेपछि उनले राज्यबाट एकपछि अर्को ढंगमा दुःख दिने काम भएको बताए। 'जुन राजनीतिक शक्तिहरू उदय भइराखेका छन्, तीमध्येको एउटा सशक्त धार गठन गर्ने व्यक्तिको रुपमा म उहाँलाई बुझ्छु। त्यसैले उहाँप्रति मेरो सधैं सद्भाव पनि छ,' भट्टराईले भने- 'अहिले उहाँलाई विभिन्न ढंगले एकपछि अर्को गरेर दुःख दिने काम भइरहेको छ, यो अस्वभाविक र अन्यायपूर्ण र प्रतिशोधपूर्ण भएको छ।'भट्टराईले सहकारी समस्या समाधान नहुँदा पचासौं लाख साना बचतकर्ताहरू मर्कामा परेको भन्दै त्यसको समाधानका लागि लाग्नुपर्ने बताए।

'उहाँ (रवि) ले म माथि राजनीतिक प्रतिशोध हो। मैले कानूनको पालना सबै गरिरहेको छु, गर्छु भन्नुभयो। यो सन्देश बाहिर पुगोस् भन्नुभएको छ। मैले चाहिँ सधैं सत्य र न्यायको पक्षमा लडेको मान्छे भएकाले सधैं लड्छु र बोल्छु भनेको छु।'- उनले भने।कानुनले आफ्नो बाटो लियोस्,  कानुन सबैले मान्न पर्छ तर रविमाथि राजनीतिक प्रतिशोध पनि हुने र सहकारी पीडितको समस्या समाधान पनि नहुने हुँदा देश बर्बादीतिर जान लागेको शंका उनले व्यक्त गरे।

'एकातिर राजनीतिक प्रतिशोध हुने, अर्कोतिर सहकारी पीडितको समस्या समाधान नहुने हुँदा जुन टाउकाहरू हुन् तीनले आफ्ना प्रतिस्पर्धीलाई पनि तर्साउने र देशलाई बर्बादीतिर लान्छन् कि भन्ने हो।'- भट्टराईले भने।

भेटका क्रममा सभापति लामिछानेले आफूमाथि राजनीतिक प्रतिशोध साँधिएको र उक्त सन्देश बाहिर लैजाज आफूलाई आग्रह गरेको भट्टराईले बताए। 'सहकारीसम्बन्धी समस्या जुन छ, त्यसको जरो धेरै फैलिएको छ। जसले ३० वर्षदेखि पालैपालो सत्तामा बसेका नेताहरू जो सत्तामा बसिरहेका छन्, तीनकै वरिपरिबाट अपचलन भइराखेको छ। त्यहाँनेर समस्या समाधान नगर्ने हो भने पचासौं लाख साना बचतकर्ताहरू मर्कामा परेका छन्,' उनले भने-'तीनको समाधान हुनुपर्यो। अहिले यो कुरालाई अल्झाइराख्ने र त्यो विषयान्तर गर्ने विषय होइन।'

## रूपन्देहीबाट सुरु भयो ई-ट्रान्सपोर्टेसन




बुटल । ढुवानी सेवालाई आधुनिक युग अनुसार परिस्कृत र डिजिटलाईसेजन गर्ने गरी रुपन्देहीमा ई-ट्रान्सपोर्टेसन सर्भिसको सेवा सुरुवात भएको छ। लुम्बिनी प्रदेशलाई मुख्य कार्यक्षेत्र बनाई रुपन्देहीको पथ्थरडाँडामा मुख्य कार्यालय राखेर सेवा शुरु गरेको हो।

कम्पनीले ईटिएस नेपाल एपमार्फत् ट्रकधनी, उद्योगी व्यवासयी र चालकलाई जोडेर ढुवानी सेवा सञ्चालन गर्न थालेको ई-ट्रान्सपोर्टेसन सर्विसका प्रमुख कार्यकारी अधिकृत लोकराज पोखरेलले जानकारी दिए। एक करोड लगानी भएको कम्पनीले पहिलो चरणमा लुम्बिनीलाई केन्द्रित गरी रुपन्देहीको पत्थरडाँडामा मुख्य कार्यालय, बुटवलका योगीकुटी र कालिकानगर  तथा रुपन्देहीकै पड्सरीमा शाखा कार्यालय सञ्चालनमा ल्याइसकेको पोखरेलले बताए। 'अब पुरानो ढर्राले ढुवानी व्यवसाय चल्दैन, बदलिंदो समय र युग अनुसार आधुनिक प्रविधिको प्रयोग गरेर सेवा दिन ई-ट्रान्सपोर्टेसन सञ्चालनमा ल्याएका हौं,'-पोखरेलले भने-'करिब ५ हजार चालकहरु एपमा जोडिइसकेका छन,काठमाडौंमा शाखा विस्तारपछि देशव्यापी नेटवर्क बन्छ।' मोबाईल एप्स मार्फत् मालसामान ढुवानी गर्न चाहने व्यवसायी, उद्योगी र गाडीधनी दुबैले एक आपसमा सम्पर्क गरी सहजरुपमा सेवा लिन सक्ने पोखरेले बताए। निकट भविष्यमै काठमाण्डौमा पनि सेवा विस्तार गरिने कम्पनीले जनाएको छ।

कम्पनीका प्रबन्ध निर्देशक आईटी इञ्जिनियर सन्तोष मण्डलले मोवाइल एप्समार्फत्  ढुवानीको सेवा लिन र दिन छिटो छरितो र विना झन्झट हुने बताए। एप मार्फत  ढुवानी सेवाका अलावा गाडी बिग्रिएमा मर्मत गर्ने नजिकको ग्यारेज, पेट्रोल पम्प, पार्किङ स्थल आदि बारे पनि जानकारी लिन सकिने गरी एप बनेको मण्डलले बताए। यस्तै सबैखाले गाडीको कागजपत्र नविकरण, नविकरणबारे सूचना, गाडी खरिद बिक्री, गाडीको हिसाब किताब जस्ता सेवा पनि एप्सबाट पाउन सकिने मण्डलले बताए।  एक करोड लगानी भएको कम्पनीले हाल ७ जनालाई रोजगारी दिएको प्रबन्ध निर्देशक सन्तोष मण्डलले जानकारी दिए।

एम्बुलेन्स सेवाअन्तर्गत पहिलो चरणमा तिलोत्तमा नगरपालिकासँग सम्झौता भइसकेको र बुटवल उपमहानरपालिका र  सिद्धार्थनगर नगरपालिकासँग सम्झौताको प्रकृयामा रहेको मण्डलले बताए।

**भर्ना खुल्यो !**
विगत १५ वर्षदेखि गुणस्तरिय स्वास्थ्य शिक्षा प्रदान गर्दै आएको यस एडभान्स स्टडी अफ हेल्थ साइन्सेस प्रा.लि. मा प्रमाण पत्र तह फार्मेसी र मेडिकल ल्याव टेक्नोलोजी (CMLT) मा भर्ना खुलेको हुँदा २०८१/०८२ को CTEVT को प्रवेश परिक्षामा उतिर्ण तथा नयाँ विद्यार्थीहरुले सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।
◆Cut of List को विद्यार्थीहरुले आवेदन बुझाउने मिति २०८१/०८/२७ गते सम्म
◆नयाँ आवेदन फाराम २०८१/०८/२८ गते सम्म
◆प्रवेश परिक्षा २०८१/०९/०४ गते
थप जानकारीको लागि
**एडभान्स स्टडी अफ हेल्थ साइन्सेस प्रा.लि.**
तिलोत्तमा-२, रूपन्देही
फोन नं.: ०७१-४१४३३२, ९८४७१६५४५०, ९८५७०२८४६०

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
पाहुर
२०८१ मंसिर २२, गते शनिबार
तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

जानाजान ढुंगामा खुट्टा ठोक्न कहाँ सकिन्छ र
बलजफ्ती कसैको मन खोस्न कहाँ सकिन्छ र
मनभित्र आगो हुनेहरूले डढेलो लगाए भन्दैमा
मनको आवादीमा आगो फ्ोस्न कहाँ सकिन्छ
र

– रुद्र ज्ञवाली

# 'यो सम्झिने मन छ...'

## (स्वरसम्राट नारायण गोपालको ३४औं स्मृति दिवसको अवसरमा)



दलबहादुर गुरुङ



एसएलसीको तयारीमा थिएँ । जाडो महिना थियो । त्यतिबेला बुटवलको राममन्दिर लाइनमा भोटेनीको थुक्पा पसल (सबैले त्यस्तै नामले चिन्थे) थियो । हामीले जाडोको बेला तात्तातो थुक्पा खाँदै थियौं । डम्बर गुरुङ, तिलक गहतराजलगायतका साथीहरू थुक्पा खाएर निस्किनेबेला पसलमा भएका मानिसहरू एक कान, दुईकान गर्न थाले । सबैले एक अर्कालाई हेर्ने र कानेखुसी गर्न थाले । उनीहरूले गरेको कुरा नारायण गोपालको मृत्युको रहेछ । पछि थाहा पाएँ मैले ।

साथी डम्बरले नारायणगोपालका गीतहरू गाउन खुबै रहर गर्थ्यो । नारायणगोपालका गीतले मेरो हृदय तरंगित गर्थ्यो । एसएलसी दिनेबेला जाडो मौसम भएको कारण भाडाको घरमा माथिल्ला तलामा घाम तापेर बस्थ्यौं । साथमा सानो पानासोनिक रेडियोमा गीत बजिरहेको हुन्थ्यो । राती म गणितको अभ्यास गरिरहेको हुन्थे, उता रेडियोमा नारायण गोपालका गीतहरू फर्माइसमा बजिरहेका हुन्थे । तिनै गीतहरूको तालमा मैले कति रफ कापीका पानाहरू गणित अभ्यासले भरिदिए पत्तै हुन्थेन । गीत र हिसाबको यहीं ट्यनिङ्गकै कारण होला शायद दोस्रो श्रेणीमा उत्तीर्ण हुँदा पनि एसएलसीमा मैले गणितमा ७२ ल्याएको थिएँ । नारायणगोपालका गीतहरू ज्यामिति जस्तै लाग्थे मलाई ।

नारायणगोपालका गीतहरू कालजयी छन् । उनका धेरै गीतहरू स्याडमूडका छन् । विछोडका गीतहरू गाउँछन् धेरै उनले । संगीत पढेका उनले आफैं संगीत भर्थे । त्योभन्दा धेरै उनले लक्ष्मीप्रसाद देवकोटा, राममान तृषित, रत्नशम्शेर थापा, भूपी शेरचन, इश्वरवल्लभ, नगेन्द्र थापा, कालीप्रसाद रिजाल, गोपाल योञ्जन, किरण खरेल, धर्मराज थापा, क्षेत्रप्रताप अधिकारीका गीतहरूमा आवाज भरे । त्यतिमात्र होइन उनले भीम विराग, हरिभक्त कटुवाल, भैरवनाथ रिमाल, चेतन कार्की, अम्बर गुरुङ, ध्रुवनारायण मानन्धर, तीर्थ शेरचनका समेत गीतमा उनले स्वर दिएका थिए ।

'तान चलाउनू, चर्खा काट्नु' जस्ता उद्यमशील गीत गाएर श्यामदास वैष्णमलाई साथ दिएका थिए । माधवप्रसाद घिमिरेको मालती-मंगले (गीतिनाटक) मा आफ्नो मिठो स्वर भरेका थिए । 'तिमीले भनेका सारा देव छोएर' गीतका रचयिता विश्वम्भर प्याकुऱ्यालको गीतमा उनले न्याय दिएका थिए । सिद्धिचरण श्रेष्ठको 'मेरो प्यारो ओखलढुंगा' गीतलाई कालजयी बनाउने काममा नारायणगोपाल नै लागे । 'एउटा मान्छेको मायाले कति फरक पर्दछ ...।' चाँदनी शाहको गीतलाई चाँदनीजस्तै चम्किलो बनाउने काम त नारायण गोपालले नै गरेका हुन् ।

'यो सम्झिने मन छ ........।' दिनेश अधिकारीको गीत हो तर त्यही गीतमा नारायण गोपालले आफ्नो कर्णप्रिय स्वर थपेपछि जीवन्त बन्यो । उनले गिरिजाप्रसाद जोशी र दुर्गा श्रेष्ठको नेपाल भाषाका गीतहरू समेत गाएका थिए । कञ्चन पुडासैनी, दीपक जंगम, दीर्घसिंह बम, दिव्य खालिङ, राजेन्द्र रिजाल, कुसुम गजमेर, युधीर थापाका गीत गाएर नेपाली सुगमसंगीतमा आफूलाई अब्बल गायकका रुपमा स्थापित गरेका थिए ।

पेमला लामासँग नारायण गोपालले अन्तरजातीय प्रेम विवाह गरेका थिए । सोही विवाहले उनलाई घरपरिवारमा चिसो सम्बन्ध गरायो । घर छाडेर कहिले पोखरा, कहिले हेटौंडा र काठमाडौंमा नै घर भए पनि डेराको बास गरायो । हाइप्रोफाइलमा बस्न नरुचाउने नारायण गोपाललाई उनका प्रशंसकहरूले कहिल्यै लोप्रोफाईलमा राख्न चाहेनन् । उनका कालजयी र लोकप्रिय आधुनिक गीतहरूले अजम्बर नै बनायो । उनको मृत्यु भएको ३४ वर्षपछि, आज पनि उनका गीतहरू उत्तिकै बज्ने र सुन्ने गरिन्छन् ।

२०४७ को उर्वशी रङ्ग पुरस्कार उनले ग्रहण गर्न पाएनन् । २०४५ सालमा मदन पुरस्कार गुठीले दिने जगदम्बा-श्री पुरस्कार भने थापेका थिए । त्यो पुरस्कारले उनलाई अति नै हर्षित तुल्याएको थियो । छिन्नलता पुरस्कार २०४४ मा प्राप्त गरेका उनले गोरखा दक्षिणबाहु चौथा, रेडियो नेपालमार्फत् २०२४ सालमा सर्वोकृष्ट गायकका रुपमा पुरस्कृत भएका थिए । साथै उनले २०२३ सालमा रेडियो नेपालबाटै सर्वोकृष्ट संगीतकारको सम्मान प्राप्त गरेका थिए । उनले मृत्युपछि त्रिशक्ति पट्ट(तेस्रो-२०४७)र महाउज्ज्वल राष्ट्रदीप प्रथम श्रेणी(२०७७) मा प्राप्त गरेका हुन् ।

नारायणगोपालले 'परिवर्तन', 'मनको बाँध' ,'सिन्दूर', 'कान्छी', 'बदलिँदो आकाश', 'माया', 'लाहुरे'जस्ता मनपर्दा फिल्ममा गीत गाएका छन् । उनले त्यतिमात्र होइन 'चिनो', 'कोसेली', 'दक्षिणा' र 'चोट' फिल्ममा स्वराङ्कन गरेका थिए । उनले गायकीपनालाई मन नपार्ने को पो होलान् र ? तै पनि उनको शरीरलाई हेरेर मन पार्ने मान्छे कमै थिए । भद्दा शरीर, चिउँडो छुने तल्लो ओठले नारायण गोपाललाई भनेजस्तो सुन्दर बनाउन सकेको थिएन । उनी आफू कुस्तीवाजसमेत भएको कारण उनका छेउमा मान्छेहरू पर्नै डराउँथे । कम बोल्ने भएकै कारण उनलाई घमण्डी भन्न रुचाउनेहरू तत्कालीन समयमा नभएका होइनन् ।

नारायण गोपाल, आफ्नो जिद्दीपना गर्न पछि पर्दैनथे । मीठो खान रुचाउने उनी आफू पनि पकाउने कुरामा समेत दक्ष थिए । नेवारी परिकार खान रुचाउने नारायणगोपाल, प्रायः साथीहरूसँग ठट्टा गर्न रुचाउने कुरा उनका समकक्षीहरू बताउँथे । जिन्दगी जिउन अनेक बाटाहरू समाएका नारायण गोपालले अन्तिममा गायन र संगीतलाई नै आफ्नो सहारा बनाए ।

उनलाई नजिकबाट देख्न,भेट्न नपाए पनि पीर बिसाउन उनका गीतहरू ओखती बन्दै आएका छन् । स्वरसम्राट पदवीले आफूलाई खिसी गरेजस्तो सुनाउने नारायण गोपाललाई जनताले चिनेको गायक नारायण गोपाल नै काफी हुने साथीहरूलाई सुनाउँथे रे !

नारायण गोपालको मृत्युको खबरले हामीलाई अतिनै भावविह्ल बनाएको थियो । हामीले भाडाको घरको छतमा शोक मनायौं । एक मिनेट उनकै सम्मान र सम्झनामा मौनधारण गरेका थियौं । उनलाई नजिकबाट कहिलेपनि देख्ने अवसर मिलेन । तै पनि उनको स्वरलाई कानमा राखेर सुत्ने बानी आजसम्म हटेको छैन । लाग्छ-उनको गीत, निद नलाग्दा स्लिपिङ्ग ट्याब्लेटजस्तै बन्ने गरेको छ घरिघरि । उनी बितेकै वर्षको फागुनमा हामीले एसएलसी परीक्षा दिएका थियौं ।

सम्वत् १९९६ असोज १८ गते जन्मेका उनी,५१ वर्षको उमेरमा २०४७ साल मंसिर १९ गते आफ्नो भौतिक शरीर नेपाली माटोमा मिसाए । हामीले उनलाई कदापी बिर्सिन सक्ने छैनौं । यो सम्झिने मन छ बिर्सु कसोरी .............?

कविता

## बहादुर म छोरी



विन्दु अर्याल

आमाको माया बुवाको हौसला
अपरिहार्य सधैँ सबैको जीवनमा ।
छोरीले नि उचाई छोएका कैयौं उदाहरणहरू छन्
भेदभावरहित सुन्दर वातावरण पाएमा ॥
सधैं हिम्मत दिने मेरी आमा
र जे हुँ त्यो भन्दा बहुतै उचालेर हौसला दिने
मेरो बुवाकै कारणले ।
कतै नहडबडाई हिँड्न सिकेको छु
सायद त्यही प्रेरणाले ।
भाइ र मलाई सँगै राखेर कथा एउटै सुनायौ ।
जिम्मेवारी कर्तव्य र दायित्व दाजुभाई जस्तै
मलाई पनि बोध गरायौ ।
म बहादुर छोरी बन्न सफल भएकी छु
आमा तिम्रो निःस्वार्थपनले ।
अक्कमक्क नपरी हिँड्ने बनेको छु
बुवा हजुरकै हौसलाले ॥
सुनेकी हुन्छु कतिका बताउनै नजानेर कुम्सिएका ती रहरहरू
कतिका सम्झाउनै नसकेर यत्तिकै गरुङ्गिएका भोगाइहरू ।
अनि यत्तिकै बहुतै लाचारीपनामा पनि
अब्जसिएका नमिठो लाग्ने ती कहानीहरू ॥
आत्मविश्वास र आफ्ना प्रतिको
विश्वासले पो संसार जिताउँछ ।
डर त्रास र अनेक तगारोले त
बस खोरमा बन्दीसरी बन्देज पो बनाउँछ ।
त्यसैले लैङ्गिक हिंसा त्यागौं
छोरा र छोरीलाई समान व्यवहार गरौं
अनि मात्र बन्नेछ समृद्ध सुरक्षित र शिक्षित समाज
त्यसैका लागि सबै हातेमालो गरौं खोजी जिज्ञासु बनौं ।
तँ छोरी  उ छोरो कहिल्यै भनेनौ
रोजि छोडि गरि काम बाँडेर भाग कहिल्यै लगाएनौं
त्यसैलेत तिम्रि छोरि हिम्मतवान छोरी भनेकी छे ।
म लडे भने कसले उठाउँला होइन
धेरै लड्न लागेकाहरूलाई  उठाउने कर्ममा जुटेकिछे ।
हजुरहरूले दिएको असल संस्कार र हिम्मतले
आज म आफ्नो मात्र होइन
अर्काको नि संरक्षक बन्ने भएकी छु
आफैं जोगिन नसिकेको समाजको अघि
सुरक्षाका कक्षा चलाउने बनेकी छु ।
हो बाबा आमा तिम्री छोरी बहादुर छे
रात जति छिपियोस् नडराउ
सुरक्षित ऊ अवश्य घर आउँछे
सुरक्षित अवश्य घर आउँछे ।

उपन्यास अंश

# सूक्ष्म पदार्थहरूको दर्शन

मोहनविक्रम सिंह

जलजला बिहानै उठिन् । चिया बनाएर सरस्वतीलाई दिइन् । केहीबेर दुबैजनाले कुरा गरे । आज कुरा खालि सुनन्दाको विषयमा मात्र भयो । उनी आइपुग्नुपर्ने हो । अझैं किन आइपुगिनन् ? दुबैले त्यसबारे कुरा गरे । दुबैजनाले त्यसबारे चिन्ता प्रकट गरे । सुनन्दा अझैंसम्म नआई पुगेकोमा दुबैजनालाई धेरै नै पीर लागेको थियो ।

केही बेरपछि उनी आफ्नो कोठामा आइन् । उनलाई केही गर्न मन लागिरहेको थिएन ।

उनको अजितसित भेट नभएको ६ महिना भइसकेको थियो । बनारसको एउटा प्रशिक्षण कार्यक्रममा भेट हुने कुरा थियो । तर त्यो कार्यक्रम स्थगित भएकोले उनको भेट हुनसकेको थिएन । प्रशिक्षण कार्यक्रमको अर्को मिति निश्चित भएको थियो । त्यसपछि उनी लखनऊ आएकी थिइन् । प्रशिक्षणको अर्को मिति आउन केही दिन मात्र बाँकी थियो । जति-जति त्यो दिन नजिक आइरहेको थियो, उनी झन्पछि झन् बढी अजितलाई भेट्न आत्तिइरहेकी थिइन् ।

सुनन्दा र विद्या बुटवल आइपुगेका थिए । यतिका दिनसम्म त्यहाँबाट आइपुग्नुएकातिर अजितसित भेट्न उनका मनमा भइरहेको छट्पटी, र, अर्कातिर, सुनन्दा नआएकोमा उनका मनमा भइरहेको दुःख - उनको मन कुनै कुरामा लागिरहेको थिएन । उनको हातमा एउटा पुस्तक थियो । हिजो मात्र किनेर ल्याएको पुस्तक - "विश्वकी लुप्त सभ्यताएँ" । त्यसका केही परिच्छेदहरू उनले पढिसकेकी थिइन् । त्यसमा संसारका लुप्त भएका माया सभ्यता, सिन्धुघाँटीको सभ्यता, सुमेरन सभ्यता, मेसोपोटामियाको सभ्यता बाँकी आदि लुप्त सभ्यताहरूबारे विस्तृत रूपले उल्लेख गरिएको थियो । उनी पुस्तकका परिच्छेदहरू पढ्न पनि धेरै उत्सुक थिइन् तर अहिले उनलाई त्यो पुस्तक पनि पढ्न मन लागिरहेको थिएन ।

रेडियो खोलिन् समाचार सुनिन् । त्यसपछि त्यहाँ एउटा नाटक आइरहेको थियो । उनलाई त्यो सुन्न मन लागेन ।

रेडियोको एउटा च्यानलमा एउटा कुमाउनी गीत आइरहेको थियो । उनले कुमाउनी भाषा बुझ्दिनथिन् । तै पनि उनलाई कुमाउनी भाषाका गीतहरू राम्रा लाग्दथे । उनको त्यो रूचि अजितसितको सङ्गतले पैदा भएको थियो ।

उनी अजितसित सँगै कुमाउँका कतिपय स्थानहरूको भ्रमण गर्न गएकी थिइन् । अजितले त्यहाँबाट आउँदा कुमाउनी भाषाका गीतका क्यासेटहरू किनेर ल्याउँथे । पहिले जलजलालाई ती गीत सुन्दा झर्को लाग्थ्यो । तर अब उनलाई पनि कुमाउनी गीतहरू राम्रा लाग्न थालेका थिए । केहीबेरपछि कुमाउनी गीतहरू बज्न बन्द भए । त्यसपछि उनलेरेडियो बन्द गरिदिइन् ।

हिजो उनले बजारबाट २-३ वटा पत्रिकाहरू किनेर ल्याएकी थिइन् । पढ्नखोजिन् । तर पढ्न मन लागेन ।

उनले सुनन्दाको पुस्तकहरूको आलमारीबाट दर्शनसम्बन्धी ४-५ वटा पुस्तकहरू पढ्नलाई झिकेकी थिइन् । उनले ती पुस्तकहरू लिएर पढ्ने कोसिस गरिन् । तर त्यता पनि उनको ध्यान गएन ।

उनले डायरी लिएर हिजोको दैनिकी लेख्ने प्रयत्न गरिन् । तर २-४ पङ्क्तिभन्दा बढी केही लेख्न सकिनन् ।

पूर्वमा सूर्यको लालिमा देखिएको थियो । केही समयपछि सबैतिर घाम लाग्यो । सबैतिर प्रकाश फैलियो । झ्यालबाट कोठाभित्र घाम पयो ।

उनी उठेर झ्यालतिर गइन् । बाहिरका दृश्यहरू हेर्न थालिन् । बाटामा केही गाडीहरू हिँड्न थालेका थिए । केही रिक्साहरू यता र उता हिँड्न थालेका थिए । केही मोटरसाइकल । केही पैदल यात्रीहरू । अखबारवालाहरूले घरघरमा पत्रिका बाँड्दै थिए ।

एउटा मानिस ३-४ वटा गधालाई इँट्टा बोकाएर कतै जाँदै थियो । २-३ वटा कुकुरहरू आपसमा खेल्दै थिए । केही चराहरू आकाशमा उडेका देखिन्थे । एउटा चिया पसलेले चियाको दोकान खोल्दै थियो । एउटा बिरालो बाटो काटेर अर्कातिर जाँदै थियो । स्कुलको पोसाक लगाएका केही विद्यार्थीहरू झोलामा पुस्तक बोकेर स्कुलतिर जाँदै थिए । एकातिरबाट एउटा कार आयो र अर्कातिर गयो । आकाशमा केही काला बादलहरू देखिन्थे । माथि आकाशमा एउटा हवाइजहाज उडिरहेको थियो । एउटा कौवा का का गर्दै आकाशमा उडिरहेको थियो । तर, उनलाई बाहिरका ती दृश्यहरू पनि हेर्न मन लागेन । उनी आएर कुर्सीमा बसिन् । कुर्सीमा पनि उनी धेरैबेर बस्न सकिनन् । उनी केहीबेर कोठामा यताउता गरिन् । फेरि बिस्तरामा पल्टिन् । उनले कतै घुम्न जाने विचार गरिन् । कपडा लगाइन् । ढोकासम्म गइन् । तर बाहिर जान मन लागेन । उनी फेरि आएर कुर्चीमा बसिन् ।

उनका मनमा धेरै विचार आउने र जाने गरिरहेका थिए । जीवन । संसार ।

नेपालको राजनीतिक स्थिति । अजित । पार्टीको छिटै बनारसमा हुने प्रशिक्षण कार्यक्रम आफ्ना बुबा, आमा । चितवन । तोरीखेत । सुनन्दा । विद्या । सरस्वती। लखनऊ। बनारस । अयोध्या । आदि कैयाँ विषयहरूमा उनका मनमा कैयौं विचार आउथे र जान्थे ।

उनले मन नलागिनलागि कोठामा सबैतिर हेर्न थालिन् ।

उनले एक-एक गरेर कोठाका सामान हेर्न थालिन् ।

कोठामा सामान हेर्दाहेर्दै उनको मनमा एउटा कुरा उठ्यो । ती सबै सामान एकअर्काबाट पृथक थिए तर अर्कातिर तिनीहरूको बिचमा सम्बन्ध पनि थियो । परस्परमा भिन्नता पनि । परस्परमा सम्बन्ध पनि । एकातिर भिन्नता । अर्कातिर, सम्बन्ध पनि । ती दुबैका बिचमा के अन्तर थियो ?

सायद त्यो कुराको उत्तर पाउन सजिलो थिएन । त्यो नियम विश्वव्यापी थियो । संसारका प्रत्येक सामानहरूमा त्यो नियम लागु हुन्थ्यो होला - कति गहन र जटिल थियो त्यो प्रश्नको जबाफ पाउनु ?

बाहिरबाट हेर्दा ती सबै सामान सामान्य जस्ता देखिन्थे । तर ती प्रत्येकको बेग्लाबेग्लै प्रकारले निर्माण भएको थियो । प्रत्येक सामानको संरचना बेग्लाबेग्लै प्रकारको थियो । ती सामान पनि बेग्लाबेग्लै प्रकारका थिए र बेग्लाबेग्लै प्रकारले कोठामा आएका थिए ।

जलजलाले केही बेरसम्म ती सामानहरू हेरिरहिन् । उनलाई लाग्यो, बाहिरबाट हेर्दा सामान्य जस्ता देखिने प्रत्येक सामानको आआफ्नो बेग्लाबेग्लै प्रकारको महत्त्व थियो । प्रत्येक सामानको आफ्नो बेग्लाबेग्लै प्रकारको इतिहास थियो । उनलाई यस्तो लाग्यो, त्यहाँको प्रत्येक सामान प्रकृतिको विकास, समाजको विकास, श्रमको विकास र कार्य कुशलताको विकास वा अन्य धेरै कुराहरूका सम्मिलित परिणाम थिए । ती सामानसित जोडिएको अर्को पक्षतिर पनि उनको ध्यान गयो । ती सामानले मानिसको बौद्धिक विकासको अवस्थालाई पनि बताउँथे । ती सामान अस्तित्वमा आउनाका पछाडि मानिसको परिश्रम, श्रम कुशलता वा औजारहरूले ता काम गरेका थिए नै ।

» ***बाँकी ३ पेजमा***

# सूक्ष्म पदार्थहरू....

त्यसका साथै तिनीहरूमा मानिसहरूको बुद्धिले पनि काम गरेको थियो।

तर त्यो बुद्धिको विकास पनि कसरी भएको थियो ? सायद प्रकृतिका विरूद्ध सङ्घर्ष जीवन निर्वाहका लागि उपभोग्य सामग्रीहरूको उत्पादन गर्दै जाँदा मानव मस्तिष्क र बुद्धिको पनि विकास हुँदै गएको थियो । तर एकपल्ट बुद्धिको विकाश भएपछि त्यसले भौतिक परिस्थिति, उत्पादन र उत्पादनको औजारहरूको विकासमा पनि प्रभाव पार्दैजान्छ।

त्यसरी श्रमले बुद्धिको विकासलाई प्रभावित गर्दछ भने बुद्धिले पुनः श्रमको कुशलता उत्पादनका औजारहरूको विकासमा मद्दत पुर्‍याउँछ। त्यसरी भौतिक परिस्थिति र बुद्धि एकअर्कोबाट बेग्लै थिए तर फेरि उनीहरूका बिचमा उनीहरूमा पारस्परिक सम्बन्ध थियो । ती दुबैको आफ्नो बेग्लाबेग्लै अस्तित्व थियो । तर साथै दुबै एकअर्कासित अभिन्न रूपले जोडिएका पनि थिए । एकअर्काबाट बेग्लैपुनः एकअर्कासित अभिन्न रूपले सम्बन्धित एकै साथ बेग्लै पनि र एकैसाथ अभिन्न पनि।

सायद त्यो सम्पूर्ण प्रकृति वा विश्वको नै नियम थियो।

उनले कोठाका सामानबारे कैयौं कुराहरू सोचिरहेकी थिइन् । तर ती सामानहरूलाई आफूबारे कुनै चिन्ता थिएन। थाहा पनि थिएन। मानिसहरूले उनीहरूलाई कसरी बनाउँछन् ? कसरी प्रयोग गर्दछन् ? उनीहरूबारे के सोच्छन् ? उनीहरूलाई त्यसको कुनै मतलब थिएन। मतलब होइन ज्ञान थिएन किनभने उनीहरू अचेत र जड थिए। अचेत र जड। प्रकट रूपले जुन चिजहरू अचेत वा जड देखिन्थे, के ती वास्तवमा पूरै नै अचेत र जड नै थिए ? के तिनीहरूमा चेतनाको कुनै अंश थिएन ? के तिनीहरूभित्र कुनै पनिरूपमा चेतना अन्तर्निहित थिएन ?

जुन चिजहरू चेतनशील देखिन्थे, के ती जड पदार्थबाट पूरै बेग्लै थिए ?

कति गम्भीर प्रश्न थिए सचेत र जड पदार्थहरूसित जोडिएको त्यो सम्बन्धबारे ? ती प्रश्नहरूबारे मानिसहरूले हजारौं वर्षदेखि विचार गर्दै आएका थिए । दर्शनको क्षेत्रमा त्यसबारे प्राचीन कालदेखि नै विवाद चल्दै आएको थियो। त्यस विवादको क्रममा दर्शनहरू कैयौं सम्प्रदायहरूमा बाँडिँदै आएका थिए।

त्यो विवाद अहिले पनि कायम थियो।कोठाका सामानहरू हेर्दै जाँदा उनको ध्यान कोठाको एउटा छेउमा, ढोकाको छेउमा राखिएका दुईवटा कुचाहरूप्रति गयो । झट्ट हेर्दा नै थाहा हुन्थ्यो, ती सबैभन्दा उपेक्षित रूपमा राखिएका थिए। अपमान गरेर सबैभन्दा पर फालिए जस्तै गरेर।

उनीहरूको काम पनि त्यस्तै थियो। सायद सबैभन्दा तल्लो स्तरको उपेक्षित काम । सबै फोहोर, मैलालाई बढार्ने । ती कुचाहरू कोठामा आलमारी, टेबुल, कुर्ची, थर्मस, गमला, पुस्तक, लगाउने कपडा आदि सबै सामानहरू भन्दा तल्लो स्थानमा थिए। तैपनि यदि ती कुचाहरू नभएको भए कोठाको अवस्था के हुन्थ्यो ? सबैतिर फोहर भरिएको हुन्थ्यो होला। अहिले कोठा जसरी सुन्दर र सफा देखिन्थ्यो, त्यसको पछाडि ती कुचाहरूको महत्त्वपूर्ण भूमिका थियो। तर कोठा वा घरलाई सफा राख्न त्यति ठुलो योगदान दिएको भए पनि तिनीहरू स्वयं उपेक्षित थिए। अपहेलित थिए।

उनको मनमा झट्ट एउटा विचार आयो। त्यो कुरा खालि ती कुचाहरूका सन्दर्भमा मात्र होइन, पूरै समाजबारे लागु हुन्थ्यो। समाजमा सबैभन्दा बढी परिश्रम गर्ने मजदुर, किसानहरूलाई सबैभन्दा तल्लो श्रेणीका मानिसहरू मानिन्थ्यो र उनीहरूको उपेक्षा र अपहेलना गरिन्थ्यो। अर्कोतिर श्रममा भाग नलिने उच्च वर्गका मानिसहरूलाई समाजमा सम्मानित र प्रतिष्ठित मानिन्थ्यो । त्यसको विपरीत मिहेनतकश जनताको अवस्था कुचाको जस्तै थियो - अपहेलित, उपेक्षित र अपमानित। उनको ध्यान पुनः कुचाहातिर नै गयो।

कुनै जङ्गलमा तिनीहरूको उत्पत्ति भएको थियो होला । तिनीहरूको सयकडौं रूपमा उपयोग हुन सक्थ्यो । तर त्यस प्रकारका सयकडौं विकल्पबाट अलग हुँदै तिनीहरूको कुचोका रूपमा उपयोग भयो तर कुरा त्योभन्दा बढी छ । जङ्गलमा अरू कैयाँ घाँस वा काठका ठाउँमा कुचोका लागि प्रयोग हुने घाँसपातको उत्पत्तिका पछाडि पनि कुनै खास ठाउँको माटोको संरचना मौसम आदि कैयौं कारणहरूले काम गरेको हुन सक्थ्यो । कुचो बनिसकेपछि पनि त्यो किनबेचको एउटा लामो प्रक्रियाका बिचबाट गयो होला । जुन कुचो सरस्वतीको घरमा आयो, त्यो अरू कसैका घरमा पनि जानसक्थ्यो। तर त्यो अन्यत्र नगएर सरस्वतीको नै घरमा आयो। त्यो सायद संयोगको पनि खेल थियो।

कुचो प्रत्येक घरमा पाइने सामान्य बस्तु थियो। तर विकासक्रमले त्यसलाई विस्थापित गर्दै लगिरहेको थियो । अब कोठा बढार्न नयाँ प्रकारका वैज्ञानिक औजारहरूको निर्माण हुँदै गइरहेको थियो। त्यो विकास क्रम बढ्दै गयो भने, युगौं युगदेखि घरमा प्रयोग हुँदै आएको कुचो विस्थापित हुने छ तर त्यसका लागि अझै लामो समय लाग्नेछ र कैयौं शताब्दीसम्म समाजमा कुचोको प्रयोग भइरहने छ।

उनको मनमा एउटा विचार आयो र त्यो कुरा सोचेर उनी मनमनै हाँसिन्। एउटा साधारण र उपेक्षित वस्तु। तर त्यसलाई विस्थापित गर्न समाजको विकासक्रममा देखा परेका विभिन्न व्यवस्थाहरू जस्तै कि दासयुग, सामन्तवाद र संसारका कैयौं ठुला साम्राज्यहरूलाई विस्थापित गर्नुभन्दा पनि बढी समय लाग्ने छ। कैयौं सामाजिक राजनीतिक व्यवस्था वा साम्राज्यहरू आए र गए। तर कुचो अझै पनि कायम छ। उनलाई लाग्यो। कुचाले ती सबै व्यवस्था वा साम्राज्यहरूलाई खिजाइरहेको छ।

जेहोस्, त्यो एकैसाथ सबैतिर विस्थापित हुने छैन । संसारका विभिन्न देशहरूमा र कुनै देशका पनि बेग्लाबेग्लै भागहरूमा त्यो क्रमशः विस्थापित हुँदै जाने छ। औद्योगिक विकासका साथै त्यो संसारका बेग्लाबेग्लै देशहरू वा बेग्लाबेग्लै भागहरूमा विस्थापित हुँदै जाने छ। अर्का शब्दमा समाजको विकासक्रमले त्यसलाई पछाडि धकेल्दै जाने छ । जुन कुचोले मानव समाजमा त्यति धेरै योगदान दिएको थियो र समाज वा जीवनको अभिन्न अङ्ग बनेको थियो, त्यसको समाजसितको सम्बन्ध समाप्त हुने छ । त्यो सोचेर जलजलालाई केही दुःख लाग्यो । तर सायद त्यो समाजको विकासको नियम नै हो। नयाँ चिजले पुरानोलाई विस्थापित गर्दै जान्छ। त्यो नियम सधैं देखा पर्दै आएको छ र भविष्यमा पनि चलिरहने छ। त्यो नियमको सिकार त्यो कुचो पनि हुने छ। तर।

तर फेरि उनले सोचिन् । सायद कुचोको कहिल्यै अन्त हुने छैन र त्यसको रूपान्तरण मात्र हुने छ। नयाँ नयाँ रूपमा त्यसको अस्तित्व सधैं रहिरहने छ। अब कुचोको ठाउँमा भ्याकुम प्रयोग गर्ने चलन बढ्दै गइरहेको छ । कतिपय विकसित देशहरूमा विभिन्न प्रकारका गाडीहरूले पनि त्यो काम गर्दछन्। त्यसरी मूल रूपमा कुचाको अस्तित्व समाजमा सधैं रहिरहने छ।

(मंसिर १५ गते विमोचन भएको सिंहको भीमकाय उपन्यास 'का.जलजला'को एक अंश। २३ वर्ष लगाएर लेखिएको १३२० पानाको यो उपन्यासमा करीब ५ लाख शब्दहरू छन्।)

## श्री चण्डेश्वरी माध्यमिक विद्यालय

**कावासोती नगरपालिका १५, गोडार, नवलपरासी (ब.सु.पू.)**

### क्याटलक सपिंग विधिबाट विद्यालय बस खरिद सम्वन्धी सूचना।

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०८/२२)**

उपरोक्त सम्बन्धमा कावासोती नगरपालिकाको च.नं. १२०७ मिति २०८१।०७।२६ गतेको अनुमति पत्र र यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०७।२६ गतेको निर्णय अनुसार विद्यालयका लागि आवश्यक सवारी साधन (2x2: 36+D सिट क्षमता भएको स्कुल बस) सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा १ को खण्ड (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम विद्यालय वस उत्पादन वा वितरण गर्ने उत्पादक वा त्यसको आधिकारिक विक्रेताहरुविच मात्र प्रतिस्पर्धा गराउने क्याटलक सपिंग विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम (२) अनुसार देहाय बमोजिमको विद्यालय बस बिक्री गर्न चाहने उत्पादन वा वितरण गर्ने उत्पादक वा त्यसको आधिकारिक विक्रेताहरुले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलक वा ब्राउसर) र विक्रेताको आधिकारिक अनुमति पत्र सहित, निवेदन दर्ता प्रमाण-पत्र, आवश्यक समयसम्मको कर चुक्ता, नविकरण भएका प्रमाण-पत्रको प्रतिलिपिहरु संग्लन राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस विद्यालयमा शिलवन्दी प्रस्ताव दर्ता गराउनको लागि सम्वन्धित सबैमा यो सूचना प्रकाशन गरिएकोमा एकवटा मात्र प्रस्ताव दर्ता भएको हुँदा पुनः ७ (सात) दिने सूचना प्रकाशन गर्ने भन्ने वि.व्य.स.को मिति २०८१।०८। २१ गतेको निर्णय अनुसार माथि उल्लेखित विवरणहरुमा आधारित भई प्रस्ताव दर्ता गराउनुहुनको लागि सम्बन्धित सबैमा यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ। साथै विद्यालय बसको स्पेशिफिकेशन सहितको थप जानकारी आवश्यक परेमा विद्यालयको मोवाईल नं. ९८४७२३९९६६, ९८४१७०६७८१, ९८४७०९६१०० मा सम्पर्क गर्न सकिनेछ।

**प्रधानाध्यापक**
**श्री लक्ष्मी न्यौपाने**

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला अमरपुर गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, इस्मा गा.पा. वडा नं. ५, बस्ने श्री नाम थाहा नभएकाको नातिनी श्री पोम बहादुर कुमालको छोरी श्री चन्द्र बहादुर कुमालको पत्नी बर्ष ८५ की श्रीमती फुर्सी भन्ने फुर्सी कुमाल (नागरिकता नं. ८८३३ जि.प्र.का गुल्मी मिति २०५६/०४/१८ मा जारी) को मिति २०८१/०४/२० गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४२७९ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री भीम बहादुर कुमालले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती फुर्सी भन्ने फुर्सी कुमाल (नागरिकता नं. ८८३३ जि.प्र.का गुल्मी मिति २०५६/०४/१८ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला छापहीले गा.वि.स. वडा नं. ०९ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, मालीका गा.पा. वडा नं. ०५, बस्ने श्री लाले कामीको नातिनी श्री लाल बहादुर कामीको छोरी श्री टेक बहादुर विश्वकर्माको पत्नी बर्ष ६२ की श्रीमती पुर्निकोला कामी भन्ने पुनकला कामी (नागरिकता नं. ४१३०५७/२४२ जि.प्र.का गुल्मी मिति २०६३/१०/२२ मा जारी) को मिति २०८१/०४/३० गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०५८०७ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री गोपाल वि.क.ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती पुर्निकोला कामी भन्ने पुनकला कामी (नागरिकता नं. ४१३०५७/२४२ जि.प्र.का गुल्मी मिति २०६३/१०/२२ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

## कावासोती नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

### औषधी खरिद गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति:-२०८१/०८/२२**

कावासोती नगरपालिकाले चालु आर्थिक वर्षको लागि औषधी खरिद गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक कम्पनी वा फर्महरुबाट प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ। यस विषयमा विस्तृत जानकारी यस कार्यालयको वेबसाईट www.kawasotimun.gov.np मार्फत लिन सकिने छ। सो सम्बन्धी थप बुझ्नु परेमा नगरपालिकाको खरिद ईकाईमा सम्पर्क गर्न सकिनेछ।

| क्र.स | विवरण | शिलबन्दी खरिद रकम | शिलबन्दी जमानत रकम | बिड वण्ड मान्ने हुने अवधि | दरभाउपत्र खरिदकोअन्तिम मिति र समय | शिलबन्दी बुझाउने अन्तिम मिति र समय | शलबन्दी खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | औषधी खरिद | ३०००/- | ७०६२०/- | ९० दिन | २०८१/०९/०७ कार्यालय समय भित्र | २०८१/०९/०८ दिनको १२:०० बजे २ | ०८१/०९/०८ दिनको २:०० बजे |

नोटः दरभाउपत्र खरिदको लागि यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैक कावासोती शाखा रहेको आन्तरिक राजश्व खाता नं. ३२००१००३०१०१०००३ मा बुझाएको भौचर वा कार्यालयको राजश्व शाखामा बुझाएको सक्कल रसिद/लगायत निवेदन र कागजपत्रहरु सहित आउनु पर्ने छ र शिलबन्दी जमानत रकमको लागि राष्ट्रिय बाणिज्य बैक शाखा कावासोतीमा रहेको धरौटी खाता नं. ३२००१००३०३००००३ मा जम्मा गर्नु पर्ने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## चन्द्रकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### प्रारम्भिक वातावरणीय परिक्षण(Initial Environment Examination–IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८१/०८/२२**

लुम्बिनी प्रदेश, गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिकाद्धारा निम्नब मोजिमको प्रस्ताब कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | चन्द्रकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल |
| प्रस्तावको व्यहोरा | गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिका क्षेत्रमा पर्ने बडीगाड खोला ,गेदीखोला र खहरेहरु बाट ढुंगा, गिट्टि, बालुवा आदि नदीजन्य पदार्थ संकलन तथा उत्खनन् कार्यको लागि गरिने प्रारम्भिक वातावरण परीक्षण। |
| प्रभाव पर्न सक्ने गाँउपालिकाका क्षेत्रहरु | चन्द्रकोट गाउँपालिका अन्तर्गतको वडा नं. १,२,३,७,८ र आसपासको क्षेत्र |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक,भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकि तथा सरोकारवाला व्यक्ति वा सस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | चन्द्रकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल<br>फोन नं :०७९-४२०००४ इमेल : chandrakotrmun@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**

## विनयी त्रिवेणी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**दुम्किबास, नवलपरासी (बर्दघाट–सुस्तापूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

### कवाडी संकलन तथा बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशन मिति: २०८१/०८/२२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ बमोजिम आ.व.२०८१/०८२ मा विनयीत्रिबेणीगाउँपालिकाले तोकेको दररेटका आधारमा न्युनतम रकमबाट बडाबड हुने गरी विनयीत्रिवेणीगाउँपालिकाको क्षेत्र अन्तर्गत पर्ने देहायका शिर्षकहरुमा कवाडीसंकलनतथा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिल :**

| आय ठेक्का नम्बर | विवरण | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| 16/NCB/Rev/BT/2081-082 | Collection of Scrap materials fee (Kawadi Sulka) Binayi Tribeni Kawadi Collection Center ward no. 6 and 7 | १०००००.०० | ३०००.०० | ३०००.०० | |
| 17/NCB/Rev/BT/2081-082 | Collection of Scrap materials fee (Kawadi Sulka)Dumkibas Kawadi Collection Center ward no. 1, 2 ,3 ,4 and 5 | २०००००.०० | ३०००.०० | ३०००.०० | |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम बापत यस कार्यालयमा नगद तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं.००८१५४१३०७८मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथमपटक प्रकाशन भएको मितिले २०८१/०९/२२गते १२:०० बजेसम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्ययालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।
२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्र जमानत रकम कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय, दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।
३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८१/०९/२२ गतेका दिन दिनको १२:००बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/०९/२२ गते १:००बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८१/०९/१२ गतेकादिन दिनको १:००बजे विनयी त्रिबेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ।उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपलट सोही समयमा हुनेछ।
६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र स्वीकृत भएमा सोको सुचना पाएको वा सुचनाटाँस भएको मितिले १५दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५०प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। प्रथम किस्ता वापत ५०प्रतिशतले हुने रकम नेपाल राष्टबैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२साल भाद्रमसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। प्रथम किस्ता वापत ५०प्रतिशतले हुने रकम जेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।
८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको बोलपत्र जमानत रकमजफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका कवाडी संकलन गर्ने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२साल जेठ मसान्तसम्म रहनेछ।
२. बोलपत्र जमानत बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद बोलपत्र जमानत नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।
३. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिलेआफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ।
४. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
५. गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।
६. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।
७. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।
८. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।
९. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।
१०. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।
११. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

# बुटवलको मेलामा ७ विधामा प्रतियोगिता हुने




बुटवल। बुटवलको मेलामा मुख्य ७ विधामा प्रतियोगिता हुनेछन् । मेला आयोजक बुटवल उद्योग वाणिज्य संघका अनुसार यहि पुसको १८ गतेसम्म अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल बुटवल मण्डपमा सञ्चालन गरिने मेलामा मुख्यतया ६ विधामा प्रतियोगिता गर्न लागिएको हो।

१६ दिनसम्म सञ्चालन गरिने मेलामा लोक दोहोरी प्रतियोगिता, भ्वाइस अफ बुटवल, विद्यालय स्तरीय लोक दोहोरी प्रतियोगिता, माध्यमिक विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, भजन चुट्का प्रतियोगिता, हास्यव्यङ्ग्य प्रतियोगिता र टिकटक प्रतियोगिता गर्न लागिएको मेला कार्यसम्पादन समितिका संयोजक तथा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले जानकारी गराए। त्यसबाहेक मेला स्थलमा अन्य प्रतियोगिताहरु पनि हुने छन्।

मेलामा लोक संस्कृतिसँग सम्बन्धित विषयमा ५ वटा विधामा प्रतियोगिता गराउन लागिएको छ भने मेलाको प्रचार प्रसारमा समेत टेवा पुग्नेगरी टिकटक प्रतियोगिता गर्न लागिएको छ। बुटवलमै पहिलो पटक हास्यव्यङ्ग्य प्रतियोगिता गर्न लागिएको हो । प्रतियोगितामा उत्कृष्ट हुनेलाई पुरस्कार प्रदान गरिने छ । मेला कार्यसम्पादन समितिका सहसंयोजक तथा सांस्कृति कार्यक्रम समन्वयकर्ता टंकप्रसाद गैरेका अनुसार लोक दोहोरी प्रतियोगितामा प्रथम हुने समूहलाई ७५ हजार रुपैंया नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिने छ। त्यस्तै द्वितीय हुने समुहलाई ५० हजार, तृतीय हुने समूहलाई २५ हजार र सान्त्वना हुने समूहलाई ११ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिने छ।

बुटवल उद्योग वाणिज्य संघले सञ्चालन गर्ने मेलाको अर्को मुख्य आकर्षण हो 'भ्वाइस अफ बुटवल' । भ्वाइस अफ बुटवलमा प्रथम हुनेलाई पुरस्कार ५५ हजार रुपैंया, द्वितीय हुनेलाई ३० हजार रुपैयाँ र तृतीय हुनेलाई २० हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिने छ।

औद्योगिक व्यापार मेला बुटवल-२०८१ मा विद्यालय स्तरीय लोक दोहोरी प्रतियोगिता पनि समावेश गरिएको छ । यो प्रतियोगितामा प्रथम हुनेलाई १५ हजार, द्वितीय हुनेलाई १० हजार, तृतीय हुनेलाई ५ हजार र सान्त्वना स्थानमा आउनेलाई ३ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाण पत्र प्रदान गरिने छ।

माध्यमिक विद्यालयस्तरीय लोकनृत्य प्रतियोगितामा प्रथम हुनेलाई २५ हजार, द्वितीय हुनेलाई १५ हजार, तृतीय हुनेलाई १० हजार र सान्त्वना हुनेलाई ५ हजार रुपैयाँ नगद पुरस्कार सहित प्रमाण पत्र प्रदान गरिने छ। त्यस्तै भजन चुट्का प्रतियोगितामा प्रथम हुनेलाई १५ हजार, द्वितीय हुनेलाई १० हजार र तृतीय हुनेलाई ५ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाण पत्र प्रदान गरिने छ।

यो मेलामा अर्को नयाँ विधामा टिकटक प्रतियोगिता गर्न लागिएको छ । मेलाको प्रचारप्रसारलाई समेत सहयोग हुनेगरी मेलामा टिकटक प्रतियोगिता गर्न लागिएको हो। टिकटक प्रतियोगिता भने यहि मंसिरको २५ गतेदेखि सुरु हुनेछ। टिकटक प्रतियोगितामा प्रथम हुनेलाई २० हजार, द्वितीय हुनेलाई १० हजार र तृतीय हुनेलाई ५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिने मेला सचिवालयले जनाएको छ। त्यस बाहेक मेलामा सांस्कृतिक कार्यक्रम पनि हुनेछ। मेलामा लोक सांस्कृतिक, आधुनिकलगायतका कलाकारहरुको प्रस्तुति रहने छ।

'लगानी लुम्बिनीमा, समृद्धि देशमा' भन्ने मूल नारासहित सञ्चालन गर्न लागिएको मेलामा सरदर ५ सय स्टल रहने छ। जसमा १० वटा विषयगत पेभिलियन निर्माण गरिने छ। त्यस्तै कृषि पेभिलियनमा प्राङ्गारिक उत्पादनलाई प्राथमिकता दिईएको छ भने व्यूटि पेभिलियन तर्फ उपत्यका बाहिर पहिलो पटक व्यूटि एक्स्पोको तयारी गरिएको छ।

# पत्रकार महासंघमा चौतारी र युनियनबिच गठबन्धन

बुटवल । नेपाल पत्रकार महासंघको नेतृत्वमा नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपालबिच भागबण्डा भएको छ।

सहमति अनुसार चौतारीले अध्यक्ष, महिला उपाध्यक्ष, आदिवासी जनजाति सचिव, कोषाध्यक्ष र लेखा संयोजकसहित २२ सदस्यमा पाएको छ।

बाँकी पदाधिकारीहरूमा युनियनबाट उम्मेदवारी हुनेछ । प्रदेशको नेतृत्वमा पनि भागबण्डा भएको छ।

कोशी, मधेश, कर्णाली र उपत्यकाको अध्यक्ष चौतारीले लिएको छ। बागमती, गण्डकी, लुम्बिनी, सुदूरपश्चिम, एसोसियट र प्रतिष्ठानको अध्यक्ष युनियनले लिएको छ।

जिल्ला अध्यक्षहरुमा पनि भागबण्डा भएको छ। ४५ युनियन जिल्ला अध्यक्ष युनियन र ३२ जिल्ला अध्यक्ष चौतारीले लिएको छ। जिल्लाहरुको संख्या टुंगिए पनि कसले कुन जिल्ला लिने भन्ने टुंगिन बाँकी छ।

२८ मंसिरमा हुने महाधिवेशनका लागि आज मनोनयन दर्ता हुँदैछ।


मितिः२०८१/०८/२१ गते प्रकाशित गरिएको सूचनामा अन्यथा भएकोले पुनःसच्याएर प्रकाशित गरिएको छ।

## कावासोती नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)**

**गण्डकी प्रदेश, नेपाल**

## विज्ञापन करको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी १५ दिने सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१५**

**दोश्रो पटक प्रकाशित मिति : २०८१/०७/३०**

**तेस्रो पटक प्रकाशित मिति : २०८१/०८/२१**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को उपदफा १ (घ) बमोजिम यस नगरपालिकाको आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ को लागि विज्ञापन कर उठाउने कार्यको बोलपत्रका माध्ययमद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सहभागी हुन ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ।

विवरण :

| क्र. सं. | आय ठेक्का नं. | करको विवरण | न्युनतम अंक | बोलपत्र जमानत | बोलपत्र दस्तूर |
|---|---|---|---|---|---|
| १ | ०१/२०८१/०८२ | आ.व.२०८१/०८२ र ०८२/०८३ को लागि विज्ञापन कर उठाउने कार्य | मू.अ. कर र अग्रिम आयकर बाहेक प्रति बर्ष रु.६,००,०००/- | मू.अ.कर सहितको कबोल अंकको ५% ले हुने रकम वा सो बराबरको बैंक जमानत | रु.१,०००/- |

**ठेक्का सम्बन्धि शर्तहरु :**

१. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र रु.१,०००/- (फिर्ता नहुने गरि) तिरि खरिद गर्न सकिनेछ । यसका लागि फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्र आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाण पत्र वा आ.व.२०८०/०८१ को कर चुक्ताको म्याद थपको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ।

२. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। सोही दिनको २:०० बजे बोलपत्र खोलिनेछ।

३. बोलपत्रसाथ आँफुले कबोल गरेको मू.अ.कर सहितको अंकको ५% ले हुने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक कावासोती शाखामा रहेको ग-३ धरौटी खाता नं. ३२००१००३०३००००००३ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ।

४. बोलपत्र सदर भएपछि बोलपत्र दाताले ठेक्काको सम्पूर्ण रकम कावासोती नगरपालिकाको विभाज्य कोष खाता नं.ग-६-१-३२००१००३०६०१०००३ मा जम्मा गर्नु पर्नेछ वा ठेक्काको सम्पूर्ण रकम मध्ये ५०% रकमको २०८२ जेष्ठ मसान्तसम्म मान्ने भएको बैंक ग्यारेन्टी पेस गर्नु पर्नेछ। बैंक ग्यारेन्टी रकम बैशाख मसान्तभित्र जम्मा गरी सक्नुपर्नेछ। आन्तरिक राजस्व कार्यालयमा १३% ले हुने मू.अ.कर वापतको रकम र मु.अ.कर वाहेकको रकमको १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजस्व कार्यालयको खातामा दाखिला गरेको भौचर पेस गर्नु पर्नेछ।

५. ठेक्का अवधि आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ को लागि मात्र हुनेछ। सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ।

६. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

७. तिनै तहको सरकारले प्रतिबन्ध लगाएको तथा आम नागरिकलाई प्रतिकुल असर पार्ने खालका होर्डिङ्ग बोर्ड राख्न पाईने छैन । स्वदेशी उत्पादनलाई बढावा दिने खालका विज्ञापनका बोर्डहरुलाई प्राथमिकता दिनुपर्नेछ।

८. तिनै तहका सरकारद्वारा जारि गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाईने छैन।

९. सार्वजनिक लगायत निजी स्थानमा राखिएका होर्डिङ्ग बोर्ड, वाल पेण्टिङ्ग, फ्ल्यास व्यानर आदी जस्ता व्यवसायिक विज्ञापनहरुको मात्र विज्ञापन कर उठाउन पाईनेछ।

१०. अन्य जानकारीको लागि कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।

११. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


# भाषा सँस्कृतिको संरक्षणमा उपसभामुखको जोड

बुटवल। नेपाल मगर महिला संघ रुपन्देहीको आयोजनामा भएको प्रथम मगर साहित्य महोत्सवको पहिलो दिन विविध कार्यक्रम सम्पन्न भएका छन् । महोत्सवअन्तरगत पुस्तक प्रदर्शनी, चित्रकला प्रदर्शन, मातृ भाषामा कविता बाचन प्रतियोगिता, पुस्तक विमोचनलगायतका कार्यक्रम सम्पन्न गरिएको हो । महोत्सवको पहिलो दिन 'एक पत्रकारको वकपत्र' पुस्तक बारे लेखक वरिष्ठ पत्रकार खिध्वज थापासँग साहित्यकार गिरी श्रीसले सहजीकरण गरेका थिए। यसैगरी कविता प्रतियोगितामा १० जनाको सहभागिता रहेको थियो भने ३ वटा पुस्तक विमोचन गरिएको प्रवक्ता गाहाले जानकारी दिए । महोत्सवमा मानवशास्त्री डा. सुरेश ढकालले 'भेजा प्रथा : मगर जातिको संगठन र अर्थ सशक्तिकरणको अनुपम दर्शन' विषयमा प्रस्तुति दिएका थिए।

यस्तै 'मगर जाति र मातृ भाषाको प्रश्न' विषयमा डा. विष्णु सिंजाली, भाषविद कर्णबहादुर बुढा, माथागढी गाउँपालिका अध्यक्ष यमबहादुर चिदी र सुनछहारी गाउँपालिका अध्यक्ष धनबहादुर पुनसँग सहजकर्ता पत्रकार स्याम रानाले प्यानल डिस्कशन गरेका थिए।

मगर जातिमा झाँक्री प्रथाका विषयमा गोपाल आचार्यले तयार पारेको 'आखत' भन्ने वृत्तचित्र प्रस्तुत गर्नुका साथै यस विषयमा छलफल गरिएको महोत्सव प्रचार समितिका संयोजक यम रानाले जानकारी दिए । शनिबारसम्म सञ्चालन हुने मेहोत्सवमा थप प्यानल डिस्कशन तथा साँस्कृतिक कार्यक्रमरु समेत आयोजना हुने महोत्सव व्यवस्थापन समिति संयोजक केशरी तरामुले जानकारी दिइन्। उपसभामुख इन्दिरा रानाले उद्घाटन गरेको महोत्सवलाई पूर्व सभामुख ओनसरी घर्तीमगरले समापन गर्ने कार्यतालिका रहेको उनले जानकारी दिइन्।

मगर समुदायको भाषा, साहित्य, इतिहास र परम्परको संक्षणमा टेवा पुग्नेगरी 'आफ्नो कथा आफै लेखौं' भन्ने मूल नाराकासाथ महोत्सव आयोजना गरिएको नेपाल मगर महिला संघ रुपन्देही अध्यक्ष तथा मूलक आयोजक समिति संयोजक निर्मला थापाले जानकारी दिइन् । महोत्सवमा गोरेबहादुर खपाङ्गी मगर सामाजिक योगदान पुरस्कार तथा आदिकवि जितबहादुर सिंजाली र रेखबहादुर सारु मगर साहित्य पुरस्कार स्थापना गरिने समेत उनले जानकारी दिइन्। बुटवलको जितगढी किल्लामा आयोजित महोत्सवमा विभिन्न ७ वटा प्यानल डिस्कशनका कार्यक्रम रहेका छन्।

महोत्सवको उद्घाटन गर्दै उपसभामुख इन्दिरा रानाले मातृ भाषा र संस्कृतिको संरक्षणमा जातीय एकता आवश्यक रहेको बताइन्। मुलुकको परिवर्तनहरुमा मगर समुदायले खेलेको भूमिका बारे चर्चा गर्दै रानाले अब आफ्नो पहिचान खोज्नुपर्ने बेला आएको उल्लेख गरिन् । आफ्नो धरातललाई भुल्न नहुने उल्लेख गर्दै उनले सबै जातजाति, धर्म-सँस्कृति, परम्परा तथा राजनीतिक विचारलाई सम्मानले मात्र एकता र समृद्धि सम्भव भएकोमा जोड दिइन्।

कार्यक्रममा बोल्दै नेपाल मगर महिला संघकी केन्द्रीय अध्यक्ष हिरुसरा राना मगर, नेपाल मगर संघका केन्द्रीय अध्यक्ष ज्ञानेन्द्र पुन मगर, प्राज्ञ डा. बुंद राना, बुटवल उप-महानगरका प्रमुख खेलराज पाण्डेयलगायतले मातृ भाषा संस्कृतिको संरक्षण गर्नुपर्नेमा जोड दिएका थिए।


## ट्वाइलेट सफा गराउनुहोस्

## बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



## Binayi Tribeni Rural Municipality

**Office of Rural Municipal Executive**

**Nawalparasi (East of Bardghat Susta), Dumkibas**

**Gandaki Province, Nepal**

## Invitation For Online Bids

Date of publication: 2081/08/22, (7th, Dec, 2024)

1. Office of BinayiTribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following worksunder National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 15/BTRM/NCB/Works/2081-082 | Honshi Gate DekhiRajmarga SammaPahuch MargaSadak | 9997503.50 | 299900.00 | 3000.00 | 2081/09/22 (6th, Jan, 2025) Before 12:00 | 90 Days | 2081/09/12 (27th, Dec, 2024) at 1:00 PM | 2081/09/22 (6th, Jan, 2025) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East) BinayiTribeniGaunpalika GA1.1 AantarikRajashwoKhata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: BinayiTribeniRural Municipality, Nawalparasi(East) BinayiTribeniGaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com